# झापा जिल्ला अदालत

## भद्रपुर, झापा

पत्र संख्या :- ०७८/७९
चलानी नं :-

प्रशासन

☎०२३-४५२०८९
०२३-४५२७३१

मितिः- २०७८।०७।२३

सूचना! सूचना!! सूचना!!!

यस अदालतमा सेवा लिन आउने बिभन्न मातृभाषा बोल्ने र राम्रोसंग नेपाली भाषा बोल्न र बुझ्न नसक्ने सेवाग्राहीका लागि न्यायमा समान पहुँच पुऱ्याई दोभाषे मार्फत सम्बन्धित सेवाग्राहीको मातृभाषालाई नेपाली भाषामा र नेपाली भाषालाई मातृभाषामा उल्था गरी सेवा प्रदान गर्ने प्रयोजनार्थ अदालतको कारवाहीमा दोभाषे सेवाको प्रयोग सम्बन्धी निर्देशिका २०७२ को दफा ४ बमोजिमका योग्यता भएका इच्छुक उम्मेदवारहरुवाट देहाय बमोजिमको भाषाको सूचीमा नाम सुचिकृत गराउने प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

(क) आवश्यक योग्यताः-

- मौखिक रुपमा उल्था गर्ने भाषा राम्रोसंग लेख्न र बोल्न जान्ने
- सरकारी कामकाजको भाषा राम्रोसंग बोल्न र लेख्न जान्ने

(ख) उल्था गर्नुपर्ने भाषाः-

- अंग्रेजी, मेचे, राजवंशी, राई, लिम्बु, थारु, हिन्दी, धिमाल र साङकेतिक भाषा
- दोभाषे पारिश्रमिक तोकिए बमोजिम हुनेछ।
- दरखास्त दिने अवधि सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र

(ग) निवेदन साथ पेश गर्नुपर्नु कागजातहरुः-

- नेपाली नागरीकताको प्रमाण-पत्र
- शैक्षिक योग्यताको प्रमाण-पत्र
- सम्बन्धित भाषा सम्बन्धी जानकारी भएको वा तालिम भए सो समेतका खुल्ने कागजात
- ३ प्रति पासपोर्ट साइजको फोटो

(घ) आवश्यक जानकारीको लागि सम्पर्क नं. ०२३-४५२७३१

०७८/०७/२३

मदनप्रसाद पराजुली
( स्रेस्तेदार-उपसचिव )